नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

☎ ६६३७८७२/६६३७८७३
Email : info@tsc.gov.np
Website: www.tsc.gov.np

पत्र संख्या : ०७९/८०
चलानी नं. :

मिति २०७९।०५।२९

श्री शिक्षा विकास तथा समन्वय इकाइ,
७७ जिल्ला सबै ।

विषय : अध्यापन अनुमतिपत्र उत्तीर्ण भएको व्यहोरा प्रमाणित सम्बन्धमा ।

शिक्षक सेवा आयोगबाट प्रकाशित विज्ञापन नम्बर ३८/०७८/०७९ निम्न माध्यमिक तह, अध्यापन अनुमतिपत्र लिखित परीक्षाको नतिजा प्रकाशन गरिएको छ ।उत्तीर्ण उम्मेदवारको अध्यापन अनुमतिपत्र छपाई गरी वितरण गर्न केही समय लाग्ने भएकाले यदि कुनै उत्तीर्ण उम्मेदवारले अस्थायी / करार शिक्षक पदमा विद्यालयबाट विज्ञापन भई उक्त पदमा नियुक्तिका लागि आवेदन दिने प्रयोजन खुलाइ अध्यापन अनुमतिपत्रको परीक्षा उत्तीर्ण भएको प्रमाणित गरिदिन माग गरेमा आयोगको वेबसाइटमा प्रकाशित नतिजाको आधारमा निम्न लिखित कागजात पेश गर्न लगाइ न्यूनतम योग्यता पुरा भए नभएको यकिन गरी उत्तीर्ण भएको ब्यहोरा अधिकृतस्तरको कर्मचारीबाट प्रमाणित गरिदिने व्यवस्था हुन अनुरोध गरिन्छ।

(केशव प्रसाद दहाल)
प्रशासकीय प्रमुख

<u>प्रमाणित गर्दा पेश गर्नुपर्ने कागजातहरु :</u>

१. निवेदन,
२. प्रवेशपत्रको प्रतिलिपि,
३. शैक्षिक योग्यताको प्रमाणपत्र :
मान्यता प्राप्त शिक्षण संस्थाबाट माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा-कक्षा १२ वा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा १० महिने तालिम लिएको प्रमाणपत्र।(माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा कक्षा १२ वा प्रविणता प्रमाणपत्र तह वा स्नातक तह वा स्नातकोत्तर तह वा सो सरहको परीक्षामा शिक्षा विषय लिई उत्तीर्णलाई तालिम र शैक्षिक योग्यता दुवै मानिने छ ।),
४. नागरिकताको प्रमाणपत्र ।